नेपाल सरकार

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय मन्त्रालय

# सूचना तथा प्रसारण विभाग

## स्नातक तहमा पत्रकारिता अध्ययनरत विद्यार्थीहरुलाई छात्रवृत्तिको लागि आवेदन दिने सूचना

(प्रथम पटक प्रकाशित : २०७५/१०/८ गते)

सूचना तथा प्रसारण विभागद्वारा आ.व. २०७५/०७६ मा "**पत्रकारिता विषय लिई स्नातक तहमा अध्ययनरत १४(चौध) जना विद्यार्थीहरुलाई छात्रवृत्ति प्रदान**" गरिने भएको हुँदा पत्रकारिता विषय लिई प्रवीणता प्रमाणपत्र तह वा १०+२ उत्तीर्ण गरी स्नातक तहमा अध्ययनरत विद्यार्थीहरुलाई यस सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र देहायको कागजातसहित "**पत्रकारिता अध्ययनरत विद्यार्थीहरुलाई छात्रवृत्ति वितरण कार्यविधि, २०७४**" को अनुसूचि (१) बमोजिमको ढाँचामा विभागमा निवेदन दिन आह्वान गरिन्छ ।

१. निवेदन साथ संलग्न गर्नुपर्ने कागजपत्रहरु:

१.१. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

१.२. पत्रकारिता विषय लिई प्रवीणता प्रमाणपत्र तह वा १०+२ उत्तीर्ण गरेको लब्धाङ्कपत्रको प्रतिलिपि,

१.३. सम्बन्धित क्याम्पसले पत्रकारिता विषय लिई स्नातक तह अध्ययनरत रहेको भनी प्रमाणित गरेको सिफारिस पत्र । (उक्त पत्रमा स्नातक तह कुन वर्षको विद्यार्थी हो सो खुलेको हुनु पर्नेछ । स्नातक तह अन्तिम वर्षमा अध्ययनरत भए अध्ययन अवधि कम्तिमा ६ (छ) महिना बाँकी रहेको भनी खुलेको हुनुपर्नेछ)

१.४. सिफारिस पत्र:

(क) दलितका हकमा राष्ट्रय दलित आयोगको सिफारिस,

(ख) आदिवासी जनजातिको हकमा आदिवासी जनजाति आयोग तर आयोग गठन नभएसम्मको लागि आदिवासी जनजाति राष्ट्रिय उत्थान प्रतिष्ठानको सिफारिस,

(ग) मधेशीको हकमा मधेशी आयोग तर आयोग गठन नभएसम्मको लागि स्थानीय तहको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट प्रमाणित भएको सिफारिस,

(घ) मुस्लिमका हकमा राष्ट्रिय मुस्लिम आयोगको सिफारिस,

(ङ) अपाङ्गको हकमा राष्ट्रिय समावेसी आयोगको सिफारिस सो आयोग गठन नभएसम्मको लागि नेपाल अपाङ्ग महासंघको सिफारिस ।

(च) पिछडिएको क्षेत्रको हकमा राष्ट्रिय समावेसी आयोगको सिफारिस सो आयोग गठन नभएसम्मकालागि अछाम, कालिकोट, जाजरकोट, जुम्ला, डोल्पा, बझाङ्ग, बाजुरा, मुगु र हुम्ला जिल्लाबाट जारी भएको नागरिकाताको प्रतिलिपि तथा सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारीबाट प्रमाणित भएको सिफारिसपत्र ।

२. निवेदन दिने विद्यार्थीमध्ये देहाय बमोजिम १४ जना विद्यार्थीहरुलाई छात्रवृत्ति प्रदान गरिनेछ :

(क) खुला: ५ जना (ख) महिला: ३ जना (ग) दलित: १ जना (घ) आदिवासी/जनजाति: १ जना

(ङ) मधेशी: १ जना (च) मुस्लिम: १ जना (छ) अपाङ्ग: १ जना (ज) पिछडिएको क्षेत्र: १ जना

३. इमेलमार्फत निवेदन दिने विद्यार्थीहरुले निवेदन तथा आवश्यक कागजपत्र स्क्यान गरी विभागको इमेल ठेगाना admin@doinepal.gov.np मा पठाउनु पर्नेछ । यसरी इमेल पठाइ सकेपछि उक्त इमेलमा विभागले निवेदनको दर्ता नं. उपलब्ध गराउने छ ।

४. पत्रकारिता अध्ययनरत विद्यार्थीहरुलाई छात्रवृत्ति वितरण कार्यविधि, २०७४ अनुसूचि (१) बमोजिमको निवेदनको ढाँचा तथा सूचनाको विस्तृत विवरण विभागको वेभ साइट www.doinepal.gov.np बाट प्राप्त गर्न सकिनेछ ।

५. थप जानकारी चाहिएमा विभागको फोन नं. ०१-४११२५५१ मा सम्पर्क गरी प्राप्त गर्न सकिनेछ ।